नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ४/२०७४-७५** **मितिः २०७४/१२/५**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा मनिचेञ्जर कम्पनीहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ (मिति २०७४।४।२६ सम्म संशोधित) मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत इ.प्रा. परिपत्र : १५/२०७४ को दफा ५ पश्चात देहाय बमोजिम दफा ६ थप गरिएको छ ।**

६. **इजाजतपत्रप्राप्त मनिचेञ्जरहरुले Point of sale (PoS) मार्फत् विदेशी मुद्रा सटही दिने सम्बन्धमा :**

(क) इजाजतपत्रप्राप्त मनिचेञ्जरहरुले PoS मार्फत् विदेशी मुद्रा सटही दिन सक्नेछन ।

(ख) विदेशी पर्यटकलाई मात्र यस प्रकारको सटही प्रदान गर्न सकिनेछ । तर, विदेशी मुद्रामा भुक्तानी हुने गरी नेपालका बैंक वित्तीय संस्थाबाट जारी भएका कार्डबाट नेपाली रुपैयाँमा भुक्तानी हुँदा यस बैंकको भुक्तानी प्रणाली विभागबाट जारी निर्देशनहरु पालना गर्नुपर्नेछ ।

(ग) अन्तरराष्ट्रि कार्ड (जस्तै : Visa International, Master Card International, Union Pay International आदी) मार्फत मात्र यस्तो सटही प्रदान गर्नुपर्नेछ ।

(घ) सटही प्रदान गर्न सकिने प्रति कारोवार रकमको सीमा PoS सेवा प्रदायक बैंक वित्तीय संस्था र सम्वन्धित मनिचेञ्जर कम्पनी बिचको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(ङ) ग्राहकबाट लिने प्रति कारोवार सेवा शुल्क र सोको बाँडफाँड समेत सम्बन्धित बैंक वित्तीय संस्था र मनिचेञ्जर बिचको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । बैंकले कारोवार बापतको रकम मनिचेञ्जरलाई भुक्तानी गर्दा नेपाली रुपैयाँमा गर्नुपर्नेछ ।

(च) कारोवार गर्दा देहाय बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ :

(अ) ग्राहकबाट राहदानीको प्रतिलिपि लिनुपर्नेछ । भारतीय नागरिकको हकमा आधार कार्ड/मतदाता परिचयपत्र/पासपोर्टको प्रतिलिपि लिनुपर्नेछ ।

(आ) खण्ड (अ) मा उल्लिखित कागजात र कार्डमा उल्लिखित नाम रुजु गर्नुपर्नेछ ।

(इ) कार्डको अग्रभागमा छापिएको कार्ड एकाउण्ट नम्बरको पहिलो चार अंक र ४ अंकको Bank Identification Number (BIN) रुजु गर्नुपर्नेछ ।

(ई) उपरोक्त प्रकृया सम्पन्न गरे पश्चात मात्र सटही प्रदान गर्नुपर्नेछ ।

(उ) यसरी सटही प्रदान गर्दा नेपाली रुपैयाँमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

(ऊ) कारोबार सम्पन्न भए पश्चात यस बैंकबाट जारी एकिकृत इ.प्रा.परिपत्र २७/२०७४ को व्यवस्था बमोजिम विदेशी मुद्रा सटही रसिद Foreign Exchange Encashment Receipt (FEER) जारी गर्नुपर्नेछ ।

(छ) मनिचेञ्जरहरुले कारोवारमा हुने जोखिम न्युनिकरण गर्न देहाय बमोजिमको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(अ) बैंक वित्तीय संस्थाबाट प्राप्त EMV POS Terminal बाट मात्र कारोबार गर्नुपर्नेछ ।

(आ) त्यस्तो POS Terminal बाट Fall Back कारोबार गर्न पाइने छैन ।

(ई) Imprinter machine तथा voice authorization का माध्यमबाट Manual/MOTO कारोवार गर्न पाइने छैन ।

(ज) PoS मार्फत् विदेशी मुद्रा सटहीको इजाजत प्रदान गर्ने सम्बन्धमा :

(अ) PoS मार्फत् विदेशी मुद्रा सटही प्रदान गर्न चाहने मनिचेञ्जरहरुले यस बैंकबाट इजाजत लिनुपर्नेछ । यस सम्बन्धी कारोवारको व्यहोरा इजाजतपत्रमा नै उल्लेख गरिनेछ ।

(आ) मनिचेञ्जरहरुले यस्तो इजाजत प्राप्त गर्न अघिल्लो आर्थिक वर्षमा कम्तीमा अमेरिकी डलर १२ लाख सम्म कारोबार गरेको हुनुपर्नेछ ।

(इ) नेपाल राष्ट्र बैंक मनिचेञ्जर विनियमावली, २०६७ को विनियम १४(क) को उपविनियम (५) बमोजिम कारवाहीमा परेको भए कारवाही भुक्तान भएको ३ वर्ष पुरा भएको हुनुपर्नेछ ।

(ई) PoS मार्फत् विदेशी मुद्रा सटही प्रदान गर्न उपयुक्त भौतिक पुर्वाधार भएको हुनुपर्नेछ ।

(झ) PoS सेवा प्रदायक बैंकले कारोवार सम्बन्धमा ग्राहकलाई जानकारी दिने प्रयोजनका लागि एक सूचना तयार गर्नेछ र उक्त सूचना सम्बन्धित मनिचेञ्जरहरुले ग्राहकले देख्ने गरी कारोबार स्थलमा राख्नुपर्नेछ ।

भवदीय

(सुनिल उदाश)
का.मु.कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय
५. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
६. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
७. श्री नेपाल सरकार, भन्सार विभाग
८. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१२ श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ
१७. श्री मनिचेञ्जर एशोसियसन